# Volume 1

# Annex 22a: Copy of Semester Policy

मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्वायत्तता सम्वन्धी नियमावली अनुसार तयार गरिएको

# मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्ट (मुसोम) को परीक्षा सम्बन्धी निर्देशिका – २०७७

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

## स्कुल अफ म्यानेजमेन्ट (मुसोम)

ज) **मुसोम प्राज्ञिक समिति :** मुसोम प्राज्ञिक समिति भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्वायत्तता सम्बन्धी नियमावली २०७५, को परिच्छेद ५ को दफा १२ उपदफा २ बमोजिम मुसोममा गठित परिषद्लाई जनाउँनेछ ।

झ) **मुसोम सञ्चालन समिति :** मुसोम सञ्चालन समिति भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्वायत्तता सम्बन्धी नियमावली २०७५, को परिच्छेद ७ को दफा १२ उपदफा २ बमोजिम मुसोममा गठित परिषद्लाई जनाउँनेछ ।

ञ) **परीक्षा विभाग प्रमुख :** परीक्षा विभाग प्रमुख भन्नाले यस निर्देशिकाको परिच्छेद १० को दफा ५५ उपदफा २ भन्ने जनाउँनेछ ।

## परिच्छेद - २

## भर्ना र शैक्षिक सत्रको गणना

### ३. विद्यार्थी रजिष्ट्रेशन :

यस मुसोममा कुनैपनि तहमा भर्ना भएका विद्यार्थीहरूले पहिलो सेमेस्टरको सत्रान्त परीक्षाको आवेदन फारम भर्नु अगाडि अनिवार्य रूपमा रजिष्ट्रेशन फारम भर्नुपर्नेछ । रजिष्ट्रेशन फारम भरेका विद्यार्थीहरूको मात्र परीक्षा फारम स्वीकृत गरी सम्वन्धीत परीक्षा विभागमा पठाउनु पर्नेछ । तोकेबमोजिम रजिष्ट्रेशन फारम प्राप्त नहुने विद्यार्थीहरूलाई परीक्षामा सामेल गरिने छैन ।

### ४. सङ्काय र तह सङ्केत एवं क्याम्पस कोड :

मुसोममा अध्ययन गर्ने विद्यार्थीहरूको रजिष्ट्रेशन नम्वर कायम गर्ने र परीक्षाको सिम्वोल नम्वर कायम गर्ने कार्य मध्यपश्चिमाञ्चल विश्वविद्यालयको परीक्षा व्यवस्थापन कार्यालयले तोकेको आधारमा मुसोम परीक्षा विभागले गर्नेछ ।

### ५. परीक्षा व्यवस्थापन कार्यालयले तोकेको रजिष्ट्रेशन नम्वर कायम गर्ने विधि :

मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा अध्ययन गर्ने छात्रछात्राहरूलाई निम्न बमोजिमले रजिष्ट्रेशन नम्वर कायम गरी वितरण गरिने छ ।

भर्ना वर्ष-सङ्काय सङ्केत नम्वर-तह संकेत-क्याम्पस कोड नं-रजिष्ट्रेशन नम्वर ।

भर्ना वर्ष कायम गर्दा अंग्रजी वर्षलाई आधार मानिनेछ ।

### ६. रजिष्ट्रेशन शुल्क :

मध्यपश्चिमाञ्चल विश्वविद्यालयका स्कुल अफ म्यानेजमेन्ट (मुसोम) मा भर्ना भएका विद्यार्थीहरूले मध्यपश्चिमाञ्चल विश्वविद्यालय विद्यार्थी रजिस्ट्रेशन शुल्क मध्यपश्चिमाञ्चल विश्वविद्यालयको परीक्षा व्यवस्थापन कार्यालयले तोके बमोजिम बुझाउनु पर्नेछ ।

**७. नयाँ खण्ड वा सेमेस्टरको परीक्षामा समावेश हुन पाउने :**

अघिल्लो खण्ड वा सेमेस्टरको पाठ्यांशहरूको अध्ययन पूरा भई परीक्षामा समेत सहभागी भइसकेका विद्यार्थीहरू उक्त तह पछि लगत्तै आउने खण्ड वा सेमेस्टरमा भर्ना हुन र परीक्षामा सामेल हुन पाउनेछन् ।

**८. तह पार गर्नुपर्ने अवधि:**

मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरूले भर्ना भएको मितिले स्नातक तहमा ७ वर्षभित्र र स्नातकोत्तर तहमा ४ वर्ष भित्र आफ्नो तह पार गरिसक्नु पर्नेछ । विश्वविद्यालयले अर्को व्यवस्था नगरेमा तोकिएको अवधीभित्र तह पार नगर्ने विद्यार्थी यस क्याम्पसको विद्यार्थी रहने छैन ।

**९. विद्यार्थीले तह पार गरेको वर्षको निर्धारण :**

मुसोम परीक्षा समितिको सिफारिसमा परीक्षा व्यवस्थापन कार्यालयबाट जारी हुने ट्रान्सक्रिप्टमा Year of Completion उल्लेख गर्दा विश्वविद्यालयले उपाधिको लागि तोकेको प्रकृया मध्ये अन्तिम प्रकृया मान्य हुनेछ । जस्तै, Final Date of Examination / Date of Thesis / Dissertation / Final Project Defense मध्ये जुन अन्तिम हुन्छ त्यसै मितिलाई कायम गर्ने गरी ट्रान्सक्रिप्ट तयार गरिनेछ ।

**१०. नियमित शैक्षिक सत्र गणना सम्वन्धमा :**

अन्तिम सत्रान्तको परीक्षाफल प्रकाशित भएको मितिबाट ९० दिनभित्र Thesis / Dissertation / Final Project Defense गरिसकेका विद्यार्थीलाई मात्र सम्वन्धीत शैक्षिक सत्रको नियमित ब्याच मानी प्रमाणपत्रहरू जारी गरिने छ र सम्बन्धित ब्याचको सर्वोत्कृष्ट अङ्क ल्याउने विद्यार्थी पनि तिनै मध्येबाट निर्धारण गरिनेछ ।

**११. भर्नाको लागि योग्यता :**

मध्यपश्चिमाञ्चल विश्वविद्यालयका विभिन्न संकायहरूको स्नातक तहको विभिन्न विषयहरूमा भर्नाका लागि इच्छुक विद्यार्थीहरूले +2 उत्तीर्ण गरी तोकिएको को प्रतिशत वा अक्षर ग्रेड हासिल गरेको हुनुपर्नेछ । अन्य व्यवस्था मुसोम गभर्निङ काउन्सिले तोकेबमोजिम हुनेछ ।

**१२. माथिल्लो तहको परीक्षामा सहभागी हुन पाउने :**

नियमित परीक्षार्थीले आफूले तह पार गरेको वा परीक्षाको नतिजा प्रंकाशित भएको मितिले न्यूनतम ५ (पाँच) महिना पूरा नभई माथिल्लो तहको परीक्षामा सम्मिलित हुन पाउने छैन । सो नियम विपरीत परीक्षामा सम्मिलित भएको पाइएमा त्यस्ता परीक्षार्थीको परीक्षा स्वतः रद्द हुनेछ ।

**१३. अध्ययनको पुन: निरन्तरता :**

विश्वविद्यालय भर्ना भएका विद्यार्थीहरूले नियमित रूपमा आफ्नो अध्ययन पूरा नगरी बीचैमा पढाइ छाडी पुन: अध्ययनलाई निरन्तरता दिन चाहेको खण्डमा अधिकतम एक वर्ष सम्म पढाई छाडेका विद्यार्थीहरूले मात्र छाडेको सेमेस्टरमा पुन: भर्ना गरी अध्ययन गर्न पाउनेछन् ।